## आ.व. २०७७/७८ को चौथो बैठक

आज मिति २०७७ साल कार्तिक २० गते बिहान ८ बजे राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन् ।

### उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी , राप्ती गाउँकार्यपालिका ।
उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री टेकबहादुर कुमाल, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री संजिव परियार, राप्ती गाउँ कार्यपालिका ।
सदस्य सचिव श्री शोभाराम रिजाल, राप्ती गाउँ कार्यपालिका ।

### आमन्त्रित

श्री विश्वास वि.क., शाखा अधिकृत
श्री नारायण राउत , स्वास्थ्य शाखा संयोजक
श्री विकास ज्ञवाली, अधिकृत
श्री अशोक बेल्वासे, ईन्जिनियर
श्री शेर बहादर हमाल रिजाल प.से.प्रा.
श्री सुवास भट्टराई , कम्प्युटर अपरेटर

**मिति २०७७।०७।२० गते का दिन राप्ती गाउँपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाका निर्णयहरु:**

१. आ.व. २०७७।७८ मा राप्ती गाउँपालिका अन्तरगत रहेको नदीजन्य पदार्थको उत्खनन्,विक्रि तथा व्यवस्थापन गर्ने तयार गरिएको भुल्के खोला,खुरुरिया घाट, राप्ती नदीको कठाह घाट ,राप्ती नदीको तिन सिमाना बगर , बर्राबास र बगरापुरघाट क्षेत्र राप्ती नदीको बसन्तापुर , भानपुर र अर्नाहानपुर घाटक्षेत्रको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) स्विकृत गरी प्रचलित कानुन बमोजिम आय ठेक्का लगाउने कार्य अघि बढाउने ।

२. आ.व. २०७६।७७ का ठेकेदार कम्पनीसंग नदिजन्य स्रोत उत्खनन् गरी राजश्व प्राप्तीको गरेको सम्झौता बमोजिमको रकम बमोजिम विश्वब्यापी महामारी कोरोनाको कारणले उत्खनन् गर्न नसकिएकाले उक्त स्थानमा अनुगमन गरी उत्खनन् हुन बाँकी परिमाण बराबरको उत्खनन् को लागि यस आ व सोही ठेक्काको म्याद थप गरिदिने ।

३. राप्ती नदी तथ पर्यावरण संरक्षण समितिको सम्वन्धमा उक्त संस्थाको गतिविधि नेपालको संविधान , स्थानिय सरकार संचालन २०७४ तथा राती गाउपालिकाका वातावरण सम्बन्धि ऐन, मापदण्ड, कार्यविधि विपरित नहुने गरी दर्ता गर्न सिफारिस गर्ने ।

४. राप्ती कृषि बहुउद्धेश्यिय सहकारी संस्थालाई राप्ती गापाको सहकारी ऐन २०७५, विपरित नहुने गरी दर्ताको लागि स्विकृत दिने ।

५. कृषि विकास शाखाको आ व २०७७।७८ को वार्षिक स्विकृत कार्यक्रम अनुसार ५०% अनुदानमा उन्नत तोरीको विउ वितरण कार्यक्रम कोभिड का कारण वितरण गर्न नसकिएको हुदा उक्त कार्यक्रमलाई छुट्याईएको रु २००००० (दुई लाख) गहुँको उन्तत विउ खरिदका लागि रकमान्तर गर्न स्विकृत दिने ।

६. कर्मचारीको अन्तर स्थानीय तह सरुवाको लागि सहमति लगायतका कार्य अध्यक्ष स्तरीय निर्णयबाट स्विकृत गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

७. गाउँपालिका भित्र भौतिक पूर्वाधार निर्माण गर्दा स्थानीय नदीबाट नदीजन्य पदार्थ (ग्राभल) प्रयोग गर्नुपरेमा राप्ती नदी बाहेक स्थानीय नदीबाट नदिजन्य पदार्थ (ग्राभल) को दररेट प्रति घन मिटर रु ७५० कायम गर्ने ।

८. पत्थरगढवा मानो नदी पुल (09/RRM/BDE/PATH /075/76) र दोलाई खोला पुल Pre-stress bridge (08/RRM/BDE/DOLAI/ 075/76) ठेक्का सम्झौताको २०७७ चैत्र मसान्त सम्म म्याद थप गर्ने ।

९. निर्माणाधिन पत्थरगढवा मानो नदी पुल (09/RRM/BDE/PATH /075/76) र दोलाई खोला पुल Pre-stress bridge (08/RRM/BDE/DOLAI/ 075/76) पुलहरुको लागि अनुगमन निरिक्षण तथा प्राविधिक सहयोगका लागि परामर्शदाता खरिद गर्ने ।

१०. राप्ती गाउँपालिका १ भालुवाङ क्षेत्रमा विशेषज्ञ सुविधा सहितको अस्पताल निर्माणको लागि प्रदेश सरकार तथा केन्द्रीय सरकारसंग माग गर्ने ।

११. लक्ष्मी पुजा निर्माण सेवाले निर्माण सम्पन्न गरेको राप्ती चक्रपथको मझेरिया –बसन्तापुर खण्ड ठेक्का नं. 10/RRM/ROAD/075/76 को भुक्तानी निर्माणाधिन राप्ती चक्रपथ शिर्षकबाट दिने।

१२. २०७६ माघ मसान्तसम्म वडा कार्यालयमा दर्ता भएका निवेदनहरुलाई घर जग्गा अभिलेखिकरणका लागि १० दिने सूचना प्रकाशन गरी वडामा सम्पर्क गर्न आउन सूचना दिने ।

१३. गाउँपालिका कार्यालय हाताभित्र निर्माण भएको शिव मन्दिरको भुक्तानी गाउँपालिका परिसरमा भौतिक पुर्वाधार निर्माण शिर्षकबाट गर्ने ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम राप्ती गाउँकार्यपालिकाको मिति ०७७/०७/२० को बैठकको निर्णयहरु प्रमाणित गर्दछु ।

०७७/०७/२०

१४. आधारभुत तहसम्मको शिक्षा निःशुल्क गर्ने सम्बन्धी गाउँसभाबाट पारित नीति बमोजिम गाउँपालिकाभित्र सञ्चालनमा रहेका सबै सामुदायिक विद्यालयहरुकाआधारभुत तहमा शिक्षक उपलब्ध गराउने प्रयोजनको लागि शिक्षक तलब अनुदान वापत विद्यालयमा कार्यरत गाउँपालिकाको स्रोतबाट तलब सुविधा खाने शिक्षक, बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीको लगायतको तलबभत्ता बढाउने सम्बन्धी सुझाव कार्यदलको प्रतिवेदन २०७६ को विकल्प नं ३ बमोजिम आर्थिक वर्ष २०७७।७८ मा निरन्तरता दिने ।

| क्रस | प्रकारर तह | संख्या | आधारतलब | वृद्धि पछि हुन आउने तलब रकम | थपगर्ने तलब | पोशाकभत्ता७००० का दरले | कुलजम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत तहका शिक्षक | 36 | 14000 | 16520 | 7731360 | 252000 | 7983360 |
| २ | प्राथमिक तहका शिक्षक | 26 | 12000 | 14400 | 4867200 | 182000 | 5049200 |
| ३ | बालविकास सहयोगी कार्यकर्ता | 40 | 2000 | 3000 | 1560000 | 0 | 1560000 |
| ४ | वैकल्पिक विद्यालयका सहजकर्ता | 4 | 0 | 3000 | 156000 | 28000 | 184000 |
| ५ | विद्यालय कर्मचारी | 6 | 0 | 3000 | 234000 | 0 | 234000 |
| ६.१ | विद्यालय सहयोगी प्राथमिक तह | 14 | 0 | 3000 | 546000 | 0 | 546000 |
| ६.२ | विद्यालय सहयोगी आधारभुत तह | 9 | 0 | 3000 | 351000 | 0 | 351000 |
| ६.३ | विद्यालय सहयोगी माध्यमिक तह | 6 | 0 | 3000 | 234000 | 0 | 234000 |
| | जम्मा | 141 | | | 15679560 | 462000 | 16141560 |

नोटः विद्यालयमा कार्यरत विज्ञान स्वयमसेवक शिक्षक संख्या ४ लाई समेत माथि उल्लेखित आधारभुत तहका शिक्षकको तलब अनुदान बराबरको रकम उपलब्ध गराउने ।

१५. सामुदायिक तथा संस्थागत विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिको पदावधी समाप्त भई हालसम्म कोभिड-१९ संक्रमण लगायतका विविध कारणले गठन हुन नसकेका सन्दर्भमा विद्यालय व्यवस्थापन समितिको गठन, २०७७ साल पौष मसान्त भित्र गर्ने गरी कार्य अगाडि बढाउन विद्यालयहरुलाई निर्देशन दिने ।